# माडी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, बसन्तपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

| |
|---|
| **स्थानीय राजपत्र** |
| माडी नगरपालिकाद्वारा प्रकाशित |
| खण्ड (७), साल २०८० पौष महिना २४ गते, संख्या ३ |

भाग - १

## केही स्थानीय ऐन संशोधन गर्ने ऐन, २०८०

# केही स्थानीय ऐन संशोधन गर्ने ऐन, २०८०

प्रस्तावनाः प्रचलित स्थानीय ऐनमा सुधार गर्न केही स्थानीय ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

माडी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "केही स्थानीय ऐन संशोधन गर्ने ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. नगर शिक्षा ऐन,२०७७ मा संशोधनः नगर शिक्षा ऐन,२०७७ को,**

(१) दफा ३६ मा देहाय बमोजिमको खण्ड ख र ग थप गरिएको छ ।

(ख) सम्बन्धित बिद्यालय ब्यबस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य एक जना - सदस्य

(ग) करार शिक्षक छनोट समितिले मनोनित गरेको बिषय बिज्ञ दुई जना - सदस्य

(२) दफा ३६ मा उपदफा ६ पछिको उपदफा ६ लाई उपदफा ७ बनाईएको छ । उपदफा ७ पछि देहाय बमोजिमको उपदफा ८ थप गरिएको छ ।

उपदफा (८) शिक्षक सेवा आयोगको करार सुचिमा रहेका उम्मेदवारलाई करार शिक्षकमा सेवा करारको लागि प्राथमिकता दिइनेछ ।

(३) दफा ३६(क) लाई हटाईएको छ ।

**३. माडी नगरपालिका जनस्वास्थ्य ऐन,२०७७ को,**

(१) दफा २ मा,

(क) दफा २ को स्वास्थ्यकर्मी भन्ने परिभाषा पछि समिति भन्ने परिभाषा थप गर्नेः

समितिः "समिति भन्नाले सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा ब्यबस्थापन समितिलाई जनाउछ। सो शब्दले नगर स्वास्थ्य समितिको हकमा यस ऐन बमोजिम गठित नगर स्वास्थ्य समितिलाई जनाउछ ।"

(२) दफा ६ मा,

(क) दफा ६ को २५(१) र २८(२) मा उल्लेख भएको महानगर भन्ने शब्दको सट्टा नगर भन्ने शब्द राखिएको छ ।

(३) दफा ४३ मा,

(क) दफा ४३ को उपदफा (३) पछि तपशिल बमोजिमका उपदफाहरु थप गरिएको छ ।

उपदफा (४) माडी नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको आन्तरिक लेखा परीक्षण माडी नगरपालिकाले तोकेको दर्तावाला लेखा परीक्षकबाट गरि-नेछ । सम्बन्धित स्वास्थ्य संस्थाले ब्यबस्थापन समितिबाट आम्दानी खर्चको श्रेस्ता अनुमोदन गराइ आर्थिक बर्ष समाप्त भएको साठी (६०) दिन भित्र अन्तिम लेखा परिक्षण गरी नगरपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

उपदफा (५) सेवा करारमा कार्यरत कर्मचारीको कोष कट्टी तथा बिदा सम्बन्धी ब्यबस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**(४) आर्थिक ऐन, २०८० मा देहाय बमोजिमको दफा २२ र अनुसुचि ७ थप गरिएको छ ।**

दफा (२२): घ वर्गको निर्माण ब्यबसायी इजाजतपत्र सम्बन्धि कार्यबिधि २०७५ को दफा ३ को उपदफा २ र ३ बमोजिम नविकरण नभएका इजाजतपत्र नविकरण गर्न चाहेमा २०८० साल पौष मसान्त भित्र आवश्यक कागजात सहित निबेदन पेश गर्न सकिनेछ । सो वापत आर्थिक ऐनमा तोकिएको नविकरण दस्तुर बाहेक प्रत्येक आर्थिक बर्षको रु.१०,०००।-(दश हजार) का दरले थप दस्तुर लिई एक पटकको लागि त्यस्ता इजातजपत्र नविकरण गर्न सकिनेछ ।

अनुसुचि -७

| क्र.सं. | शीर्षक | आ.व.०८०/०८१ को दर | कैफियत |
|---|---|---|---|
| ९.१२ | घ वर्गको निर्माण इजाजत थप दस्तुर | रु.५,०००।- | |

आज्ञाले,

शेषकान्त पौडेल

प्रमुख प्रशासकीय अधिकृत